Phone : 4262326, 4262416,4262518,4262923
FSSD : 4111119, 4111075, 4111042
Fax : (977)-4262516, 4111198
e-mail : cnsatm@mos.com.np
Cable : AIRCIVIL
AFTN : VNKTYAYX

**CIVIL AVIATION AUTHORITY OF NEPAL**

Head Office, Babar Mahal, Kathmandu, Nepal

Ref. No.: AWD/280/81/82

Date: 05 November 2023

# Important Notice Regarding 41st NCAR Part-66 AML Examination

This notice is issued to all the applicants in light of the 41st NCAR Part-66 AML examination which is scheduled to be held from 20-22 December 2023 in the British Council, Lainchaur, Kathmandu, Nepal.

**The candidates who have failed the module(s) sat in September 2023 exams will not be allowed to appear for the failed module(s) in December 2023 examination considering the 90 days' rule.** They can however apply for other module(s). The application for failed module(s) will not be entertained and any fee paid against it will not be reimbursed.

Sincerely,

Er. Bidhan Shrestha
Manager
Airworthiness Inspection Division
Flight Safety Standards Department
Civil Aviation Authority of Nepal

# 41st (XLI) NCAR Part-66 AML EXAM (December 2023)

मा सहभागी हुन चाहने परिक्षार्थीहरुको लागी

## दरखास्त आह्वानको सूचना

**प्रकाशित मिति: २०८०।०७।१९**

नेपाल नागरिक उड्डयन प्राधिकरणको निर्णयानुसार यस विभाग र CAAi (U.K.) बीच २ फेब्रुअरी २०१२ मा सम्पन्न सम्झौता बमोजिम **२० देखि २२ डिसेम्बर २०२३** मा सचालन हुन गइरहेको **41st NCAR Part-66** अनुसारको **AML-XLI** आधारभुत परीक्षा दिन इच्छुक तथा योग्य उम्मेदवारहरुलाई, यस विभागबाट उपलब्ध गराइने फाराम रितपूर्वक भरी **24th November 2023** अर्थात *२०८० मङसिर ०८* गते भित्र यस विभागमा आइपुग्ने गरी पेश गर्न ... दरखास्त आह्वान गर्दै यो सूचना प्रकाशित गरिएको छ । यस परीक्षाको विषयमा थप जानकारी आवश्यक भएमा यस विभागको एयरवर्दिनेश महाशाखामा सम्पर्क राख्न सकिनेछ । रित नपुगी पेश हुन आएको दरखास्त उपर कुनै कारवाही हुने छैन । यो सूचना प्राधिकरणको website: www.flightsafety.caanepal.gov.np मा प्रकाशित गरिएको छ ।

१) **न्यूनतम योग्यता तथा अनुभव :–**
प्रचलित नागरिक उड्डयन नियमावली तथा NCAR Part-66 मा उल्लेख भए बमोजिमको योग्यता भएको हुनुपर्नेछ ।

२) **दरखास्त फाराम भरी बुझाउने व्यवस्था :–**
क) CAAi (U.K.) बाट जारी भएको दरखास्त फाराम फलाइट सेफ्टी स्ट्याण्डर्डस् विभाग, सिनामंगलबाट प्राप्त गर्न सकिनेछ भने प्राधिकरणको वेवसाइट www.caanepal.gov.np/Link:Flight Safety बाट पनि डाउनलोड गर्न समेत सकिनेछ ।

ख) साथै कम्प्युटराइज्ड प्रणालीबाट परीक्षा संचालन हुने र दरखास्त फाराम समेत Online Application भएको सन्दर्भमा यस सूचना अनुसार दरखास्त फाराम भरी बुझाउनु हुने सबै परीक्षार्थीहरुले मिति **24th November 2023** अर्थात *२०८० मङसिर ०८* गते भित्र **फलाइट सेफ्टी स्ट्याण्डर्डस विभाग**, सिनामंगलमा Examination Application फाराम भरी पेश गर्नु पर्नेछ ।

३) **दरखास्त फाराम तथा परीक्षा दस्तुर :–**
क) दरखास्त फाराम दस्तुर वापत ५ (पांच) अमेरीकी डलर र परीक्षा दस्तुर वापत प्रति विषय (Module) १५ अमेरिकी डलर बराबर को रकम र सोको १३ प्रतिशत मु.अ.कर सहित हुन आउने रकम लाग्नेछ । विदेशी मुद्राको विनिमय दरको हकमा जुन दिन रकम बुझाइन्छ सोही दिनको नेपाल राष्ट्र बैंकले तोकेको बिक्री दरको विनिमय दर कायम हुनेछ ।

ख) सोको अतिरिक्त **CAAi (U.K.)** संग भएको सम्झौतामा तोकिए बमोजिमको परीक्षा शुल्कको हकमा प्रति परिक्षार्थीहरुले प्रति **Module** वापत रु.१३,६८५।०० र सो को १३ प्रतिशत मु.अ.कर सहित हुन आउने रकम रु १५,४६४।०५ बुझाउनु पर्नेछ ।

४) **परीक्षा दस्तुर वापतको रकम दाखिला :–**

परीक्षा दस्तुर वापत माथी बुँदा ३ (क) र (ख) मा उल्लेख भए बमोजिम दुवै प्रकारको रकम छुट्टा छुट्टै रुपमा यस बिभागको नाममा **राष्ट्रिय वाणिज्य बैंक, विशाल बजार शाखामा** (वाणिज्य बैंकको जुनसुकै शाखामा बुझाएपनि) रहेको **चल्ती खाता नं. १६९०१००००१३३००१** मा जम्मा गर्नु पर्ने छ ।

५) **परीक्षा कार्यक्रम र प्रवेश पत्र वितरण:–**

परीक्षा संचालन मिति २०८० पुस ४, ५ र ६ गते (तदनुसार २०, २१ र २२ डिसेम्बर २०२३) मा हुनेछ भने समय र स्थानको हकमा Exam Confirmation Letter मा उल्लेख भए बमोजिम हुनेछ ।

६) **दरखास्त साथ पेश गर्नुपर्ने कागजादहरु:–**

अङ्ग्रेजीमा जन्म मिति खुलेको नागरिकताको प्रतिलिपि वा पासपोर्ट वा सवारी लाइसेन्स र दरखास्त फाराम तथा परीक्षा दस्तुर बुझाएको भौचर/बिजक/रसिद १।१ प्रति ।

७) **परीक्षा संचालन सम्वन्धी अधिकार::**

यस परीक्षा संचालन सम्वन्धि सम्पूर्ण अधिकार यस विभागमा सुरक्षित रहनेछ र यस सम्बन्धमा अन्य थप जानकारी चाहिएमा यस विभागमा सम्पर्क राख्न सकिनेछ ।

नेपाल नागरिक उड्डयन प्राधिकरण
**फ्लाइट सेफ्टी स्ट्याण्डर्ड्स विभाग**
सिनामंगल, काठमाण्डौ, नेपाल ।
फोन नं. ४११११११९, पोष्ट बक्स: ६९२९
Email:info@flightsafetycaan.gov.np

द्रष्टव्य:

- परीक्षा दस्तुर वापत नन्अपरेटिभ खाता नं १६९०१००००१३३००१ मा जम्मा गरेको रकम फिर्ता नहुने हुदा दरखास्त चेक जाँच भएपश्चात एकिन गरी मात्र बैंक खातामा दस्तुर वापतको रकम जम्मा गर्न हुन जानकारी गराइन्छ ।

CIVIL AVIATION AUTHORITY OF NEPAL
CAAN
1998
FLIGHT SAFETY STANDARDS DEPARTMENT